“अल्लाह (ईश्वर) ले रातको समयमा आफ्नो हात फैलाउनुहुन्छ, ताकि दिनमा पाप गर्नेहरूले पश्चात्ताप (तौबा) गर्न सकून्, र दिनको समयमा आफ्नो हात फैलाउनुहुन्छ, ताकि रातमा पाप गर्नेहरूले पश्चात्ताप गर्न सकून्। यो (क्षमाको) क्रम तबसम्म जारी रहन्छ, जबसम्म सूर्य पश्चिम दिशाबाट उदाउँदैन 1।”

अबू-मूसा (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : “अल्लाह (ईश्वर) ले रातको समयमा आफ्नो हात फैलाउनुहुन्छ, ताकि दिनमा
पाप गर्नेहरूले पश्चात्ताप (तौबा) गर्न सकून्, र दिनको समयमा आफ्नो हात फैलाउनुहुन्छ, ताकि रातमा पाप गर्नेहरूले पश्चात्ताप गर्न सकून्। यो (क्षमाको) क्रम तबसम्म जारी रहन्छ, जबसम्म सूर्य पश्चिम दिशाबाट उदाउँदैन 1।”
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ कि अल्लाहले आफ्नो भक्तको तौबा (पश्चात्ताप) स्वीकार गर्नुहुन्छ । यदि कुनै व्यक्तिले दिनमा पाप गर्छ र रातमा पश्चात्ताप गर्छ भने अल्लाहले उसको पश्चात्ताप स्वीकार गर्नुहुन्छ; र यदि उसले रातमा पाप गर्छ र दिनमा पश्चात्ताप गर्छ भने पनि अल्लाहले उसको पश्चात्ताप स्वीकार गर्नुहुन्छ। महान् अल्लाहले तौबा (पश्चात्ताप) स्वीकार गरी प्रसन्न भएर आफ्नो हात फैलाउनुहुन्छ। जबसम्म सूर्य पश्चिमबाट उदाउँदैन, तबसम्म पश्चात्तापको ढोका खुला रहनेछ; किनभने पश्चिमबाट सूर्य उदाउनु भनेको पश्चात्तापको ढोका बन्द हुनु र संसारको अन्त्य निकट हुनुको संकेत हो।

http://www.sunnah.global/hadeeth/ne/show/4318